# लघुवित्त/सहकारी संस्थासँगको साझेदारीमा सुपथ मुल्य पसल संचालन तथा अन्य व्यवसाय संचालन गर्न ऋण अनुदान परिचालन कार्यविधि, २०७४

गाउँपालिकाको नियम संख्या :- ९
गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :२०७४।१२।२३ गते
गाउ सभावाट पारित मिति : २०७४।१।२८ गते

## पृष्ठभूमि

कर्म गर्ने चाहना हुँदा हुँदै पनि आर्थिक अवश्था कमजोर भई विभिन्न किसिमका व्यवसाय गर्न नसकी पछाडी परिरहेका जेहेन्दार युवाहरु अवसरको अभावमा बेरोजगार भैरहेको अवश्थामा यस कार्यक्रमबाट सुलभ रुपमा सुपथ मुल्य पसल संचालन तथा अन्य व्यवसायहरुमा लघुवित्त/ ऋण तथा बचत/ बहुउद्देशीय सहकारी वित्तिय संस्थाको माध्यमबाट लगानी गराई कार्यक्रम संचालन गरी स्वरोजगार तथा जीविकोपार्जन हुने देखिन्छ । यस व्यवसायबाट पलाँता क्षेत्रको भोकमरीमा न्यूनिकरण तथा विपन्न वर्गले सर्वसुलभ मुल्यमा खाद्यान्न प्राप्ति गर्नुका साथै उत्पादन, उत्पादकत्वमा वृद्धि भै कृषि तथा आर्थिक विकासमा समेत टेवा पुग्ने देखिन्छ ।

१. संक्षिप्त नाम र प्रारम्भः क. यो कार्यविधिको नाम "लघुवित्त/सहकारी संस्थासँगको साझेदारीमा सुपथ मुल्य पसल संचालन तथा अन्य व्यवसाय संचालन गर्न ऋण अनुदान परिचालन कार्यविधि, २०७४" रहेको छ ।

ख. यो कार्यविधि पलाँता गाउँ कार्यपालिकाबाट स्विकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "सहकारी संस्था" भन्नाले सहकारी ऐन, २०४८ बमोजिम दर्ता भएका सहकारी संस्थालाई सम्झनुपर्छ ।
ख. "पसल" भन्नाले सुपथ मुल्यका सहकारी पसल सम्झनु पर्छ ।
ग. "अत्यावश्यक बस्तु" भन्नाले दैनिक जीवनमा उपभोग हुने खाद्यान्न लगायतका अन्य वस्तु सम्झनुपर्छ ।
घ. "समुह वा संस्था" भन्नाले व्यवसायिक रुपमा एकआपसमा मिलि पलाँता गाउँपालिकामा दर्ता गरी गठन गरिएको समुह वा संस्थालाई जनाउने छ ।
ङ. "समिति" भन्नाले ऋण परिचालन तथा प्रस्ताव छनौट समिति सम्झनुपर्छ ।
च. "कार्यालय" भन्नाले पलाँता गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

३. उद्देश्यहरुः यस कार्यक्रमका देहाय बमोजिमको उद्देश्य रहेका छन् ।

पलाँता गाउँपालिका

क. बेरोजगार युवाहरुलाई स्वरोजगारको अबसर प्राप्त हुने ।

ख. उद्यमशील युवाले सुलभ रुपमा ऋण प्राप्त गरी आय आर्जन गर्न सक्ने ।

ग. भोकमरी तथा खाद्यान्न अभावलाई न्युनीकरण गर्न सक्ने ।

घ. वित्तिय कारोबारको अबसर बृद्धि हुने ।

ङ. गरिबी न्यूनीकरण हुने ।

४. लक्षित बर्गः यस कार्यक्रमका लक्षित बर्ग समुहमा आवद्ध देहाय बमोजिम हुनेछन् ।

क. बेरोजगार युवाहरु

ख. दलित तथा आर्थिक रुपमा विपन्न वर्ग,

ग. पिछडिएका आदिवासी, जनजाति, महिला तथा सुकुम्बासी

घ. द्वन्द्वपिडित,

ङ. अन्य

५. लगानी गर्ने संस्था/निकायः

क. सहकारी विभागबाट मान्यता प्राप्त बचत तथा ऋण/बहुउद्देशीय सहकारी वित्तिय संस्था

ख. उपभोक्ता सहकारी संस्थाहरु,

ग. बिषयगत सहकारी संस्थाहरु

६. पसलबाट उपलब्ध हुनुपर्ने सेवा र बस्तुः सुपथ मुल्य पसलले बजारमुल्य भन्दा न्यून मुल्यमा देहाय बमोजिमको बस्तु तथा सेवाको विक्री वितरण गर्न सक्नेछः

क. दाल, चिनी, चामल, नुन लगायतका दैनिक उपभोग्य वस्तुहरु

ख. कृषिजन्य विउविजन र ससाना यान्त्रिक उपकरक

ग. सार्वजिनिक संस्था वा सरकारी कार्यालयले वेचविखनका लागि उपलब्ध गराएका अन्य वस्तु तथा सेवाहरु

घ. फोटो स्टुडियो, कम्युनिकेशन, फोटोकपी, लगायतका सेवा

ङ. विद्युतीय पाटपुर्जा

च. शैक्षिक सामाग्रीहरु

छ. संस्थाले आवश्यक सम्झेका अन्य वस्तु वा सेवाको कारोवारहरु ।

नोटः पसलले अनिवार्य रुपमा सबैले देख्ने गरी मुल्यसुची राखेको हुनुपर्नेछ । मदिरा तथा सुर्तीजन्य बस्तुको पूर्ण रुपमा रोक लगाएको हुनुपर्नेछ ।

७. बजेटको व्यवस्थाः यस कार्यक्रमको लागि बजेटको व्यवस्था देहाय बमोजिम हुनेछ ।

क. नेपाल सरकारका निकाय वा दातृ निकायबाट पसल संचालनका लागि व्याज अनुदान दिने कार्यक्रमको लागि प्राप्त बजेट रकम

ख. गाउँपालिकाबाट विभिन्न किसिमका व्याज अनुदान दिने कार्यक्रमको लागि छुट्याईएको बजेट रकम ।

८. बजेटको उपयोगः बजेटको उपयोग गर्दा देहाय बमोजिम गरिने छ ।

क. गाउँपालिकाले सहकारीलाई विना व्याजदरमा ऋण अनुदान रकम उपलब्ध गराउने छ ।

ख. सहकारीले व्यवसाय संचालन गर्ने व्यक्ति, समुह वा संस्थाबाट लिने ब्याजको सिमा बार्षिक अधिकतम १२ प्रतिशत भन्दा बढी हुनु हुने छैन ।

ग. यस कार्यविधि बमोजिम अनुदान प्रवाह गर्न आवश्यक प्रशासनिक खर्चको रकमको भार लगानीकर्ताले ऋणी माथि लगाउन पाउने छैन ।

९. सहकारीले गाउँपालिकालाई रकम फिर्ता गर्ने व्यवस्थाः

क. ऋण अनुदान परिचालन गर्नको लागि छनौट भएको सहकारीले प्रत्येक कार्यक्रमको रकम प्राप्त भएको मितिले एक तिहाई रकम १ बर्षभित्र गाउँपालिकाको खातामा जम्मा गर्नुपर्नेछ र बाकी रकम त्यसपछिको २ बर्षभित्र जम्मा गरिसक्नुपर्नेछ ।

ख. नियम अनुसार रकम जम्मा गर्न नसक्ने तथा रकम दुरुपयोग गर्ने, गाउँपालिकाको निर्देशन र नीति विपरित कार्य गर्ने सहकारी संस्थालाई कालो सुचीमा राखी नियमानुसार ब्याज सहितको रकम असुल उपर गर्ने तथा आवश्यक कारवाही गरिनेछ ।

ग. खण्ड क मा जेसुकै लेखिएतापनि ऋण परिचालन गर्ने व्यवसायको प्रकृति हेरी गाउँपालिका र सहकारी विचको आपसी सम्झौताका आधारमा ऋण परिचालन गरिनेछ ।

१०. ऋण परिचालन तथा प्रस्ताव छनौट समितिः कार्यक्रमको लागि ऋण परिचालन तथा प्राप्त प्रस्तावहरुको छनौटका लागि देहाय बमोजिमको समिति गठन हुनेछ ।

| | |
|---|---|
| क. गाउँपालिकाको अध्यक्षः | अध्यक्ष |
| ख. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग. आर्थिक विकास शाखा प्रमुखः | सदस्य |
| घ. अध्यक्षबाट मनोनित सहकारी/लघुवित्त विज्ञ | सदस्य |
| ङ. प्रमुख प्रशासकीय अधिकृतले तोकेको सम्बन्धित शाखाको अधिकृतः | सदस्य सचिव |

नोटः समितिले आवश्यक महशुस गरे अनुसार सम्बन्धित अन्यलाई आमन्त्रण गर्न सक्नेछ ।

११. ऋण परिचालन तथा प्रस्ताव छनौट समितिको काम कर्तव्यः समितिको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ ।

क. ऋण परिचालनको आवश्यकता अनुसारको परिमार्जनको प्रस्ताव गाउँ कार्यपालिकामा पेश गर्ने ।

पलाता गाउँपालिका

ख. विभिन्न निकायहरुबाट ऋणका श्रोतको पहिचान गरी ऋण परिचालन गर्ने ।

ग. प्राप्त प्रस्तावहरुलाई अनुसुची ३ मा उल्लेखित संस्थाको भौतिक आर्थिक तथा मानविय क्षमता दक्षता र लगानी पछिका सेवा/कार्य तथा स्थानीयताका आधारमा ५ बर्षको लागि छनौट गर्ने ।

घ. गाउँपालिकाको सुपथ मुल्य पसल तथा अन्य युवा स्वरोजगार व्यवसायमा अनुदान कार्यविधिमा छनौट भएका अनुसुची २ अनुसारका व्यवसायमा मात्रै व्याज अनुदान दिन सिफारिस गर्ने ।

ङ. अधिकतम व्याज अनुदान दर तोक्ने ।

१२. कार्यक्रम कार्यान्वयन प्रकृयाः कार्यक्रम कार्यान्वयन प्रकृया देहाय बमोजिम हुनेछ ।

क. अनुसुची २ मा उल्लेखित व्यवसायहरुमा व्याज अनुदान दिन अनुसुची ३ अनुसारको विवरणहरु माग गरी १५ दिने म्याद दिई गाउँपालिकाले स्थानीय वा राष्ट्रिय पत्रिकामा सार्वजनिक सुचना आह्वान गरी प्रस्ताव माग गर्नेछ ।

ख. खण्ड क अनुसार प्राप्त प्रस्तावहरुलाई संस्थाहरुको भौतिक आर्थिक तथा मानविय क्षमता दक्षता र लगानी पछिका सेवा/कार्य तथा स्थानीयताका आधारमा छनौट गरिनेछ ।

ग. गाउँपालिकाले ब्याज अनुदान दिने प्रयोजनका लागि अनुसुची २ बमोजिम पहिचान गरिएका व्यवसायको विवरण र छनौट भएको संस्था र सम्पर्क ठेगना सहितको विवरण कार्यालयको सुचना पाटी, स्थानीय वा राष्ट्रिय पत्रिकामा प्रकाशन गरिनेछ । साथै त्यसको जानकारी सबै वडा कार्यालयमा समेत औपचारिक जानकारी दिईनेछ ।

घ. छनौट भएका सहकारी समुह वा संस्थाहरुसँग गाउँ कार्यपालिकाको कार्यालयले प्रत्येक आर्थिक बर्षमा गाउँसभाबाट स्विकृत भएको नीति, कार्यक्रम र बजेटको आधारमा सम्झौता गर्नेछ ।

१३. कार्यक्रम कार्यान्वयनका शर्तहरुः कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमका शर्तहरु तोकिएका छन् ।

क. गाउँपालिकासँग सम्झौता भएका संस्थाहरुले मात्र दफा ४ मा उल्लेखित लक्षित समुहलाई सुपथ मुल्य पसल तथा अन्य व्यवसाय संचालनमा लगानीको आधारमा ऋण अनुदानको रुपमा रकम उपलब्ध गराईने छ ।

ख. लक्षित समुहलाई दफा १२ग अनुसार छनौट भएका संस्थाबाट ऋण लिई कार्य संचालन गर्न इच्छुक भएको प्रस्ताव पेश भएको हुनु पर्छ ।

ग. ऋण लिन आफुले संचालन गरेको व्यवसाय नै धितो राख्न तत्पर हुनु पर्नेछ ।

घ. व्यवसायको बिमा गरिनुपर्नेछ ।

ङ. यस कार्यक्रम अन्तर्गत लगानीको साँवा ऋणीले किस्तावन्दी रुपमा सम्झौता अनुसार लगानी गर्ने सहकारी संस्थालाई भुक्तानी गर्नुपर्नेछ । भुक्तानीको किस्ता तिर्ने तरिका सहकारीको नियमानुसार हुनेछ ।

च. लगानीको सिमा अधिकतम रु ५ (पाँच) लाख भित्र हुनु पर्नेछ ।

छ. ब्याजदर यस कार्यविधिमा उल्लेख भए अनुसार वा समितिले तोके बमोजिम हुनु पर्नेछ ।

ज. दफा १२ग अनुसारको लगानी गर्ने संस्था र ऋणी बीच हुने सम्झौताको एक प्रति गाउँपालिकालाई अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

झ. ऋणी र लगानीकर्ता बीच हुने ऋण सम्झौता लगानीकर्ताको ऋण नीति बमोजिम हुनुपर्नेछ ।

ञ. प्रत्येक आर्थिक बर्षमा कार्यक्रम तथा बजेट स्विकृत भई आएमा गाउँपालिकाबाट ब्याज अनुदान प्रवाह गरिनेछ । ऋण अनुदानको नयाँ कार्यक्रम स्विकृत भै नआएमा पनि पुरानो सम्झौता भने कार्यान्वयनमा रहनेछ ।

ट. ऋण सम्झौतामा तोकिएको भाखा भित्र साँवा चुक्ता नगरी श्रृजना हुने साँवा तथा व्याजको दायित्व गाउँपालिकाले व्यहोर्ने छैन ।

ठ. लगानीकर्तालिे आफुले गरेको लगानीको जोखिम स्वयमले व्यवस्थापन गर्नुपर्नेछ ।

१४. अनुदान प्रवाह विधिः अनुदान प्रवाह विधि देहाय बमोजिम हुनेछ ।

क. दफा १२ग बमोजिमको उल्लेखित संस्थाहरुले उपलब्ध गराउने ऋणका लागि विभिन्न समुह, संस्था वा ऋणीहरुको प्रस्ताव संलग्न राखी ऋण अनुदानको लागि छुट्याईएको बार्षिक बजेट तथा कार्यक्रम सिमामा नबढ्ने गरी रकम मागको निवेदन दिनुपर्नेछ ।

ख. प्रत्येक आर्थिक बर्षमा कार्यक्रम तथा बजेट स्विकृत भई आएमा गाउँपालिकाबाट सहकारी संस्थाको क्षमता, दक्षता र समुह, संस्था वा ऋणीको मागको आधारमा एमुष्ठ वा आवश्यकता अनुसार रकम उपलब्ध गराईनेछ ।

ग. १२ग अनुसार छनौट भएको संस्थाले सुपथ मुल्य पसल तथा जिविकोपार्जनमुलक व्यवसाय बाहेक अन्यत्र लगानी गरी गाउँपालिका नीति विपरित काम गरेमा कार्यपालिकाको निर्णय अनुसारको जरिवाना, लाग्ने ब्याज र साँवाको कानुन बमोजिम असुल उपर गरिनेछ ।

१५. अनुगमन व्यवस्थाः कार्यक्रमको प्रभावकारिता बढाउन अनुगमनको व्यवस्था देहाय बमोजिम हुनेछ ।

क. संचालित कार्यक्रमको गाउँपालिकाबाट नियमित तथा छड्के अनुगमन तथा मुल्याङ्कनको कार्य हुनेछ ।

ख. संचालित कार्यक्रमहरुको वडा कार्यालय तथा विषयगत शाखाबाट नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य हुनेछ ।

ग. लगानीकर्ता सहकारीको तर्फबाट फिल्डस्तरमा नियमित अनुगमन भै त्यसको त्रैमासिक प्रतिवेदन अनिवार्य रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ ।

१६. संशोधन वा खारेजीः अनुगमन तथा मुल्याङ्कन र अनुभवको आधारमा यस कार्यविधिमा आवश्यकता अनुसार पुनरावलोकन गरी समितिको सिफारिसमा गाउँ कार्यपालिकाले संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

## अनुसुची-१

<u>संलग्न गर्नुपर्ने कागजातहरु</u>

१. लगानीकर्ताले प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः

क. संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।

ख. संस्था नविकरणको प्रमाणको प्रतिलिपी ।

ग. संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपी ।

घ. गत आर्थिक बर्षसम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

ङ. २ बर्षको लेखा परिक्षण प्रतिवेदन सहितको कारोवारको विवरणको प्रमाणित प्रतिलिपी ।

च. सहकारी संस्थाको विद्यमान ऋण प्रवाह नीतिको प्रतिलिपी ।

२. लगानीकर्ताले गाउँपालिकामा ऋण अनुदान माग गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः

a. ऋणीहरुको निवेदन र व्यवसायको प्रतिफलको पूर्वानुमान सहितको प्रस्ताव को प्रतिलिपी ।

b. ऋणीको नागरिकताको प्रतिलिपी ।

३. लगानीकर्ताले ऋणीको छनौट गर्दा आवश्यक पर्ने कागजातहरुः

a. अनिवार्य वडा कार्यालयको सिफारिसपत्र ।

b. समुह, संस्था वा ऋणीको विगतको कारोवारको प्रमाणित प्रतिवेदन

c. सम्भव भएसम्म ऋणी समुहमा आवद्ध भएको हुनुपर्ने र समुहको निर्णयको प्रतिलिपी ।

d. ऋणीको नागरिकताको प्रतिलिपी ।

e. व्यवसायको प्रतिफलको पूर्वानुमान सहितको प्रस्ताव ।

पलाँता गाउँपालिका

# अनुसुची २

## ऋण अनुदान दिईने व्यवसायहरुः

क. सुपथ मुल्य पसल
ख. फलफुल तथा तरकारी खेती
ग. पशु तथा कुखुरा पालन
घ. वंगुरपालन व्यवसाय
ङ. जडीवुटी, खोटो उत्पादन तथा प्रशोधन व्यवसाय
च. मौरीपालन
छ. माछापालन
ज. दुध तथा दुग्धजन्य पदार्थ उत्पादन व्यवसाय
झ. दफा ६ बमोजिमका व्यवसाय

पलाँता गाँउपालिका

<u>अनुसुची ३</u>

## गाउँपालिकासँग ऋण अनुदान कार्यक्रममा सहकार्य गर्ने लगानीकर्ता संस्थाले भरिने फाराम

क. लघुवित्त/सहकारी संस्थाको विवरण

| | |
|---|---|
| लघुवित्त/सहकारी संस्थाको नाम | |
| ठेगना | |
| संस्था दर्ता नं | |
| संस्था दर्ता मिति | |
| संस्था दर्ता निकाय | |
| संस्था संचालन मिति | |

ख. लघुवित्त/ सहकारी संस्थाको सदस्य विवरण

| विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| साधारण सदस्य | | | |
| संस्थागत सदस्य | | | |
| कुल जम्मा | | | |

ग. स्विकृत कार्यक्षेत्र

| सि नं | जिल्ला/नपा/गापा | वडा नं हरु |
|---|---|---|
| | | |
| | | |

घ. संचालक/ कार्य समितिको विवरणः

| क्र सं | पद | नाम | ठेगना | सम्पर्क नं | कार्यकार समाप्त हुने मिति |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |

ङ. लेखा समितिको विवरण

| क्र सं | पद | नाम | ठेगना | सम्पर्क नं | कार्यकार समाप्त हुने मिति |
|---|---|---|---|---|---|
| १ | | | | | |

पलाता गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| २ | | | | | |
| ३ | | | | | |

च. लघुवित्त/सहकारीमा कार्यरत कर्मचारीको विवरण

| क्र सं | पद | नाम | ठेगना | सम्पर्क नं | कार्यकाल समाप्त हुने मिति |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

छ. लघुवित्त/सहकारी संस्थाको पूँजीगत संरचनाः

| क्र सं | पुजीगत संरचना | रुपैया |
|---|---|---|
| १ | अधिकतम पुँजी | |
| २ | जारी पुँजी | |
| ३ | चुक्ता पुँजी | |
| | क. संस्थापकहरुको | |
| | ख. साधारण सदस्यहरुको | |
| | ग. संस्थागत शेयर | |

ज. लघुवित्त/सहकारी संस्थाको सहयोगमा संचालित उत्कृष्ट ३ वटा व्यवसाय उल्लेख गर्नुहोस् ।

| व्यवसायको नाम | लाभान्वित सदस्य संख्या | व्यवसाय संचालन क्षेत्र | लगानीको अवधि |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| उत्कृष्ट हुनुको कारणः | | | |

उपरोक्त विवरण सहित लघुवित्त/सहकारी संस्थासँगको साझेदारीमा सुपथ मुल्य पसल तथा व्यवसाय संचालन गर्न ऋण अनुदान परिचालन कार्यविधि २०७४ बमोजिम पलाँता गाउँपालिकासँग ऋण अनुदान कार्यक्रममा सहकार्य गर्न आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गरेका छौ ।

संस्थाको छापः

संचालक/कार्यसमितिबाट अख्तियार प्राप्तः

दस्तखतः

नामः

पदः

मितिः

पलाँता गाउँपालिका

सम्पर्क नं

पर्साँता गाउँपालिका